# सुदूरपश्चिम विश्वविद्यालय

## केन्द्रीय कार्यालय
## मानव संसाधन विकास शाखा
## महेन्द्रनगर, कञ्चनपुर

प.सं. २०७७/०७८ मिति २०७८।०४।३१
च.नं..........

**आ.व. २०७७/७८ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरूरी सूचना**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) बमोजिम प्रत्येक पदाधिकारीहरू, शिक्षक र कर्मचारीहरूले ६० दिन भित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित निकाय/क्याम्पस मार्फत सु.प.वि. केन्द्रीय कार्यालय मानव संसाधन विकास शाखामा दर्ता गर्नु पर्ने र सम्पत्ति विवरण पेश गर्ने दायित्व सम्बन्धित राष्ट्रसेवकको भएकाले खाम बाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुजारी सम्पत्ति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा सम्बन्धित कर्मचारी नै जिम्मेवार हुने व्यहोरा अनुरोध छ ।

विश्वविद्यालयका स्थायी, अस्थायी र करार सेवामा कार्यरत शिक्षक, दैनिक ज्यालादारी/आंशिक कर्मचारीहरूले अनिवार्य रूपमा सम्पत्ति फाराम भरी खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

| आ.व. २०७७/०७८ को सम्पत्ति विवरण | |
|---|---|
| क) कर्मचारीको संकेत नम्बर:- | च) श्रेणी तह:- |
| ख) नाम थर:- | छ) कार्यरत कार्यालय:- |
| ग) पद/दर्जा:- | ज) मोबाईल नम्बर:- |
| घ) सेवा/समूह:- | झ) ईमेल ठेगाना:- |
| ङ) स्थायी लेखा नम्बर:- | |

पुनश्च:

१. सम्पत्ति विवरण २०७८ भाद्र २८ गते भित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा दर्ता गरिसक्नु पर्ने भएकाले सम्पत्ति विवरण पेश गर्ने अन्तिम समयमा धैरै राष्ट्रसेवकबाट एकै पटक पेश हुँदा प्राविधिक कठिनाई उत्पन्न भएमा दर्ता गर्न समस्या पर्न सक्ने हुँदा २०७८ भाद्र २० गतेभित्र सम्पत्ति विवरण यस शाखामा दर्ता गर्ने/गराउने व्यहोराको लागि सम्बन्धित सबैमा अनुरोध छ ।

०४।३१